# भू सेवा केन्द्र संचालनको अनुमति पत्र नविकरण सम्बन्धी जरुरी सूचना !

मालपोत (छैठौं संशोधन, २०७२) नियमावली, २०३६ तथा भू-सेवा केन्द्र संचालन निर्देशिका, २०७६ बमोजिम भू-सेवा केन्द्र संचालनको अनुमति प्राप्त व्यक्ति तथा संस्थाहरुले भू-सेवा केन्द्र संचालन निर्देशिका, २०७६ को दफा ८ को उपदफा (६) तथा ऐ नियमावलीको नियम २३ग को उपनियम (५) बमोजिम आ.व. २०७९/८० को लागि यही मिति २०७९ असार मसान्त भित्र नविकरण शुल्क र तपसिलका कागजात सहित सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयमा अनलाईन निवेदन दिनु हुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

तपसिल

१. कर चुक्ताको प्रमाण पत्र
२. बैक ग्यारेन्टीको हकमा नवीकरण अवधिको बैक ग्यारेन्टी
३. भू-सेवा केन्द्र संचालन निर्देशिका, २०७६ को अनुसूची ३ बमोजिम आफुले गरेको कामको विवरण

नोट: नविकरण सम्बन्धमा थप जानकारी आवश्यक भएमा सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालय वा मालपोत कार्यालय वा यस विभागको सम्पर्क नम्बर ५३२००२८ मा फोन सम्पर्क गरी बुझ्न सकिने छ ।

धन्यवाद ।
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भू-सूचना प्रविधि शाखा